बाल सन्दर्भ सामग्री – ४

# जे छोए पनि सुन



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# जे छोए पनि सुन



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

सामग्री सङ्कलन
इन्दिरा चालिसे, रत्नमान शाक्य, जयप्रसाद लम्साल
योगराज भट्टराई, लक्ष्मीभक्त बासुकला

चित्राङ्कन कर्ता
अविन श्रेष्ठ

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| क्र.स. | कथा शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | तिन साना बङ्गुरहरू | ५ |
| २. | गोरुको दुध | १६ |
| ३. | दुई बुढाबुढी र सिरो | २१ |
| ४. | जे छोए पनि सुन | २७ |
| ५. | विश्वासिलो साथी | ३५ |

# तिन साना बङ्गुरहरू

अङ्ग्रेजी लोककथा



एक समयमा कुनै ठाउँमा तिन बङ्गुरहरू थिए । एक दिन तिनीहरू आफ्नो भाग्य खोज्न घर छोडेर हिंडे ।




पहिलो एउटा बङ्गुर पश्चिमतिर लाग्यो। धेरै टाढा पुगिसकेपछि त्यसले एक जना पराल बोकेको मानिसलाई भेट्यो।

बङ्गुरले बिन्तीभाउ गर्दै त्यस मानिसलाई भन्यो, "दाइ, मलाई त्यो पराल दिनुहोस् न। म त्यसबाट एउटा सानो घर बनाउने छु।"




मानिस पनि दयालु भएकाले त्यस बङ्गुरलाई पराल दियो । बङ्गुरले राम्रो चिटिक्क परेको एउटा घर बनायो । ऊ आरामसँग घरमा बस्न थाल्यो ।

एक दिन एउटा ब्वाँसाले बङ्गुरको घरको ढोका ढकढक्यायो । त्यसले बङ्गुरलाई सोध्यो, "ए, च्वाँचे भाइ म भित्र आउन सक्छु ?"



बङ्गुरले ब्वाँसोलाई देख्नासाथ भन्यो, "हुँदैन, हुँदैन ! तिमी यहाँ आउन पर्दैन ।"

ब्वाँसोले भन्यो, "यदि त्यसो हो भने म तेरो घर जोडले फुकेर ढलाइदिन्छु।" यति भनेर घर नढलेसम्म ब्वाँसोले घरलाई जोडले फुक्यो। घर ढलेपछि ब्वाँसोले बङ्गुरलाई समात्यो र खायो ।




दोस्रो बङ्गुर पूर्व दिशाको बाटो हुँदै गएको थियो । धेरै टाढा पुगेपछि त्यसले एउटा लट्ठी बोकेको मानिसलाई भेट्यो । ऊ पनि सारै दयालु र इमानदार थियो ।



बङ्गुरले त्यस दयालु र इमानदार मानिसलाई भन्यो, “ए दाइ, मलाई त्यो लट्ठी दिनुहोस् न । म एउटा सानो घर बनाउँछु ।” यति भनेर त्यसले लट्ठी लियो र त्यस लट्ठीबाट एउटा राम्रो घर बनाएर बस्यो ।

केही दिनपछि एउटा ठुलो ब्वाँसो आएर ढोका घचघच्यायो र भन्यो, “ए, च्वाँचे भाइ, म भित्र आउन सक्छु ?”




बङ्गुरले यसो झ्यालबाट बाहिर च्यायो । त्यसले ब्वाँसोलाई देख्यो । अनि जवाफ दिन थाल्यो, “हुँदैन, हुँदैन ! तिमी यहाँ आउन पर्दैन ।”

त्यसपछि रिसाएर ब्वाँसोले भन्यो, “म तेरो घर नढलेसम्म जोडले फुक्छु र घर ढलेपछि तँलाई मार्ने छु ।” नभन्दै त्यसले जोडले फुक्यो र घर ढलायो अनि सानो बङ्गुरलाई खायो ।



तेस्रो बङ्गुर उत्तरतिरको बाटोबाट गएको थियो । धेरै टाढा पुगेपछि त्यसले पनि एउटा  दयालु र इमानदार भेट्यो । त्यस मानिसले इँट बोकेको थियो ।


बङ्गुरले दयालु र इमानदार मानिससँग बिन्तीभाउ गरी उससँग इँट माग्यो । दयालु मानिसले पनि त्यसलाई तुरुन्तै इँट दियो ।



बङ्गुरले इँटको गारो लगाई धेरै बलियो र राम्रो घर बनाएर आरामले बस्यो ।

केही दिनपछि एउटा ठुलो ब्वाँसो आएर ढोका घचघच्याउँदै भन्न थाल्यो, "ए, च्वाँचे भाइ, म भित्र आउन सक्छु ?"


बङ्गुरले यसो झ्यालबाट च्यायो । त्यसले ठुलो ब्वाँसो देख्यो । ब्वाँसोलाई देखेर त्यसले भन्यो, "हुँदैन, हुँदैन । तिमी भित्र आउन पर्दैन ।"



ब्वाँसोले भन्यो, “त्यसो भए म फुकेर तेरो घर ढलाइदिन्छु र तँलाई पनि खान्छु ।”

ब्वाँसोले घर ढाल्न जोडले फुक्यो तर घर ढलेन। त्यसको मुखै कालोनिलो भयो ।


त्यो ब्वाँसो कालोनिलो भएर रिसाउँदै यताउता गर्न थाल्यो । हुँदाहुँदै त्यो घरको झ्याल चढेर भान्छामा जान थाल्यो। बङ्गुरले पनि त्यो सबै कुरा थाहा पाइहाल्यो ।




बङ्गुर पनि छिटो भान्छामा गएर पानी तताउन राखिएको भाँडाबाट ढकनी खोलिदियो । ब्वाँसोको जिउभरि तातो पानी खनियो । तातो पानीले पोलेर ब्वाँसो मऱ्यो । ब्वाँसो मरेपछि बङ्गुर आरामसाथ बस्न थाल्यो ।

# गोरुको दुध

भारतीय लोककथा




धेरै पहिलेको कुरो हो । भारतमा अकबर नामका बादशाह थिए । अकबरका मन्त्रीको नाम वीरबल थियो। वीरबल असाध्यै चलाख थिए। वीरबल अप्ठ्यारो काम पनि सजिलै गर्न सक्थे । उनी निडर थिए । रमाइलो गर्न, ठट्टा गर्न पनि वीरबल सिपालु थिए। वीरबललाई मूर्ख बनाउँछु भन्ने मान्छे आफैँ मूर्ख हुन्थ्यो। वीरबललाई ठट्टा गरेर कसैले जित्न सक्दैनथ्यो ।




एक दिन अकबरले वीरबललाई मूर्ख बनाउने जुक्ति निकाले । उनले वीरबललाई गोरुको दुध खोजेर ल्याउने हुकुम दिए । यस पटक वीरबललाई अप्ठ्यारो पर्‍यो । संसारमा दुध दिने गोरु पाइँदैन । यस पटक वीरबलले हार खानुपर्ने भयो । वीरबल अँध्यारो मुख लगाएर घर गए ।



वीरबलकी एउटी सानी छोरी थिई। ऊ बाबुभन्दा पनि बाठी थिई। उसले बाबुको अनुहार अँध्यारो भएको देखी। उसले वीरबललाई सोधी, "बाबा, तपाईँलाई केही भएको छ कि ?" वीरबलले भने, "मलाई बादशाहले गोरुको दुध ल्याउनु भनेका छन्। गोरुको दुध कहीँ पनि पाइँदैन। अब के गर्ने ?" छोरीले भनी, "त्यति जाबो कुरामा पनि पिर गर्ने ? भोलि जे गर्नुपर्ने हो, म गरुँला। तपाईँ ढुक्कले बस्नुहोस्।" वीरबललाई आफ्नी छोरी असाध्यै बाठी छे भन्ने थाहा थियो। उनी ढुक्कले सुते।




भोलि बिहान विरबलकी छोरी बादशाहको दरबारमा गई । उसले बादशाहसँग भेट गरी । उसलाई बादशाहले किन आयौ भनेर सोधे । वीरबलकी छोरीले भनी, “मेरो बुबा सुत्केरी हुनुभएको छ । उहाँलाई सुत्केरी बिदा दिनुपर्‍यो ।” बादशाहले भने, “कस्तो अचम्मको कुरा गर्छ्यौ ! लोग्ने मानिस पनि कहीँ सुत्केरी हुन्छ ?” वीरबलकी छोरीले भनी, “गोरुले दुध दिन्छ भने हाम्रो बुबा सुत्केरी हुन नहुने ।”



बादशाहले वीरबललाई गोरुको दुध ल्याउन भनेको कुरा सम्झे । उनले वीरबललाई मूर्ख बनाउँछु भन्ने सोचेका थिए । वीरबल त उल्टै बिदा लिएर बस्ने पो भए । बादशाहको जुक्ति काम लागेन । उनले केही गरे पनि वीरबललाई मूर्ख बनाउन नसक्ने भए । अकबरले वीरबलकी छोरीलाई भने, “तिम्रो बाबालाई दरबारमा पठाइदिनू । गोरुको दुध ल्याउनु पर्दैन ।” बादशाहले वीरबलकी छोरीको चलाखी थाहा पाए । बादशाहले उसलाई पुरस्कार दिएर घर पठाए ।

# दुई बुढाबुढी र सिरो

जापानी लोककथा



धेरै अगाडिको कुरा हो, जापानमा एक जोडी श्रीमान श्रीमती बस्थे । तिनीहरूको एउटा सिरो नाम गरेको कुकुर थियो । ती दुवै बुढाबुढी भइसकेका थिए । उनीहरू आफू आफूमा धेरै माया गर्थे । उनीहरू गरिब थिए । उनीहरू आफूलाई र सिरोलाई वर्षभरिका लागि चामल किन्न चाहन्थे तर उनीहरूसँग थोरै पैसा थियो । त्यसैले अब छिटै नै चामल किन्ने पैसा सकिन्छ भनेर उनीहरू चिन्ता गर्न थाले ।



एक दिन ती दुवै बुढाबुढी बारीमा काम गरिरहेका थिए । सिरो चाहिं यताउति बारीमा सुँघ्दै थियो । एक्कासि त्यस कुकुरले भुक्दै एक ठाउँमा खोस्रिन थाल्यो ।

"चुप लाग्, सिरो !" बुढाले भने तर सिरो भुकिरह्यो र खोस्रिरह्यो । त्यति गर्दा पनि सिरो भुकिरहेको हुनाले बुढा त्यहाँ हेर्न गए ।



त्यसपछि उनले एउटा लट्ठी माटामा गाडे । लट्ठी केही चिजमा ठोकिएको जस्तो लागेर उनले त्यहाँ खने। खनिएको ठाउँमा उनले एउटा ठुलो बाकस भेट्टाए। बाकस खोलेर हेर्दा त त्यहाँ सुनका असर्फीहरू भेटिए । बुढा धेरै खुसी भए । अब त चामल किन्न चिन्ता नै गर्नु परेन ।




यी सबै कुरा एक जना लोभी छिमेकीले देखिरहेको थियो । उसलाई लोभ लाग्यो । उसले पनि सिरो कुकुरलाई लिएर गयो । उसले सिरोले सुँघेका ठाउँमा खनेर हेऱ्यो तर उसले त्यहाँ केही भेटेन । रिसको झोकमा उसले सिरोलाई मारिदियो ।



सिरो मरेको थाहा पाएर ती दुवै बुढाबुढी धेरै दुःखी भए । उनीहरू अलापविलाप गर्न लागे ।

एक रात सपनामा सिरो आयो र  उसले बुढाबुढीलाई भन्यो, "मलाई तिमीहरूले धेरै हेरचाह गरेका थियौ । त्यसैले अब म तिमीहरूको हेरचाह गर्ने छु । भोलि बगैँचाको सल्लाको रुख काट्नु र केही सल्लाको रस भात भएको भाँडामा मिसाउनु ।" त्यति भनेर कुकुर बिलायो ।



भोलि पल्ट उनीहरूले कुकुरले भने जस्तै गरे । भात पकाएको भाँडामा सल्लाको रस पर्नासाथ बुढी चिच्चाउन थालिन्, “हेर्नुहोस् न ...।”

भातको सिता एक एक गरी असर्फीमा परिवर्तन भएको पाइयो। बुढाबुढीसँग धेरै पैसा भयो। तर ती बुढाबुढी आफ्नो आज्ञाकारी कुकुरलाई सम्झेर झन् दुःखी भए ।


सिरोले बुढाबुढीलाई आफू बाँच्दाखेरि मात्र होइन, मरेर पनि ठुलो सहयोग गऱ्यो ।

# जे छोए पनि सुन

ग्रिसेली लोककथा




ग्रिस भन्ने एउटा देश छ । त्यहाँ धेरै पहिले मिदास नामका राजा थिए । ती राजा धन सम्पत्तिको असाध्यै लोभ गर्थे । उनी सुन किनेर ढुकुटीमा जम्मा गर्थे । उनका ढुकुटीमा धेरै सुन जम्मा भइसकेको थियो, तैपनि राजालाई अझ धेरै सुनको लोभ लाग्दै गयो ।




राजालाई आफूसँग भएको सुनले चित्त बुझेको थिएन । उनलाई एकै पटकमा धेरै सुन पाए हुन्थ्यो भन्ने लाग्यो। उनले भगवान् खुसी भए एकै पटकमा धेरै सुन पाइन्छ भन्ने ठाने। त्यसैले उनी भगवान्को तपस्या गर्न लागे । भगवान् खुसी पनि भएछन् । भगवान् उनका अगाडि देखापरे । भगवान्ले राजालाई के माग्छौ भनेर सोधे । राजालाई यो ठुलो मौका थियो । राजाले भगवान्सँग भने, “मैले जे छोए पनि सुन होस्, प्रभु ।” राजाले जे छोए पनि सुन हुने वरदान दिएर भगवान् अलप भए ।



राजा मिदास विभिन्न कुरा छुन थाले । जे छोए पनि सुन हुन थाल्यो । इँटा, ढुङ्गा आदि समेत सुन भए । बारीका फुलसमेत सबै सुन भए । राजासँग अब चाहेजति सुन हुने भयो । उनी अत्यन्तै खुसी भए ।



राजाको खाना खाने बेला भएको रहेछ । भान्छेले राजालाई खाने कुरा ल्याइदिए । राजा खाना खान बसे । राजालाई अन्डा मन पर्‍यो । सबभन्दा पहिले राजाले अन्डा टिपे । अन्डा त तुरुन्तै सुन पो भयो । राजा झसङ्ग भए । उनले अरू खाने कुरा टिपे । राजाले टिपेका खाने कुरा सुन हुँदै गए । राजाले चिया खान खोजे । चिया पनि सुनको झोल भयो । राजालाई अब के खाने, के खाने भयो । राजा त्यस दिन भोकै सुते ।




भोलिपल्ट राजाकी छोरी दगुर्दै आई । उसले राजालाई छोई । राजालाई छुने बित्तिकै राजाकी छोरी पनि सुनको मूर्ति भई । छोरी मूर्ति भएकामा राजालाई ठुलो पिर पर्‍यो । दरबारमा राजाले छोए भने मूर्ति भइन्छ भन्ने हल्ला मच्चियो । राजाका पाले, पहरा, नोकर, चाकर दरबार छोडेर भाग्न लागे । अब त दरबारमा राजा एक्लै परे ।



राजालाई धेरै भोक लाग्यो । राजा खाने कुरा खोज्न आफैँ दौडन लागे । खाने कुरा पाए पनि राजाले खान सकेनन् । खाने कुरा मुखमा नपुऱ्याउँदै सुन हुन्थ्यो । दरबारमा जताततै सुन देखिन थाल्यो । राजाको पेट भने खाली नै रह्यो । राजा भोकले छट्पटाउन लागे । भोकले नै उनी मर्ने भए ।



राजालाई अब आफ्नो भूल थाहा भयो । मानिसलाई सुनभन्दा खाने कुरा नै चाहिने रहेछ । उनलाई सुन देखेर दिक्क लाग्न थाल्यो । मर्ने अवस्था भएकाले राजाले भगवान सम्झे । त्यति नै बेला भगवान् देखा परे । भगवान्ले राजालाई भने, “फेरि के माग्छौ ?” राजालाई लाज लाग्यो । उनी बोल्न पनि नसक्ने भइसकेका थिए । उनले बिस्तारै भगवान्सँग भने, “प्रभु ! मबाट ठुलो भुल भयो । मलाई सुन चाहिँदैन । प्रभुले मलाई दिएको वरदान फिर्ता होस् । सबै कुरा पहिले जस्तै होऊन् । मलाई भोक लागेको बेला एक पेट खान पाए पुग्छ ।”




भगवान्‌ले राजालाई दिएको शक्ति फिर्ता गरिदिए र अलप भए । अब राजाले छोएका कुरा सुन हुन छोडे । सुन भएका कुरा पहिले जस्तै भए । राजाकी छोरी हिंड्न थाली । राजा खुसी भएर खाने कुरा खाए । उनले धन सम्पत्तिको लोभ गर्न छाडे ।

# विश्वासिलो साथी

भारतीय लोककथा




धेरै पहिलेको कुरा हो । एकादेशमा एक जना राजा थिए । राजा साहसी र बुद्‌धिमान् थिए । कसैले छलछाम गरेको मन पराउँदैनथे । त्यसैले उनको नाम जहाँतहीँ फैलिएको थियो । अनेक कला भएका मानिसहरू राजालाई उपहार दिन दरबारमा आउँथे । कोही कोही त दरबारमा आफ्नो इमानदारिता देखाउन आउँथे ।



एक दिन एक जना ठुला कलाकार दरबारमा आए । उनले साहसी, बुद्धिमान र इमानदार राजासँग भेट्ने इच्छा जाहेर गरे । राजालाई दिन उनले तिन ओटा उस्तै उस्तै राम्रा पुतली बनाएर ल्याएका थिए । ती तिन ओटै पुतली राजाका सामु राखेर उनले बिन्ती चढाए, “यी पुतलीहरू राम्ररी हेरिबक्स्योस् र तीमध्ये सबैभन्दा राम्रो पुतली, मध्यम पुतली र सबभन्दा नराम्रो चाहिँ पुतली कुन कुन हुन्, छुट्याइबक्स्योस् ।”



कलाकारको कुरा सुनेपछि राजाले तिन ओटै पुतलीहरू हातमा लिए र सबैलाई राम्ररी हेरे । पुतलीहरूको उचाइ, तौल र बनावट उस्तै उस्तै रहेछ । तिनीहरूमा कुनै पनि फरक देखिँदैनथ्यो । राजाले राम्ररी पुतली हेर्दै जाँदा उनले सबैमा प्वाल परिरहेको देखे ।



राजाले सानो सिन्का लिएर तिन ओटै पुतलीको कानमा छिराए । त्यसपछि उनले पुतली हल्लाउन थाले । हल्लाउँदा पहिलो पुतलीमा छिराएको सिन्को अर्को कानबाट निस्केको देखे ।

त्यस्तै, दोस्रो पुतलीमा छिराएको सिन्को चाहिँ मुखबाट निस्केको देखे ।

त्यस्तै, तेस्रो पुतलीमा छिराएको सिन्को चाहिँ सिधै पेटमा गएको देखे ।



यसपछि राजाले केही बेर सोचेर भने, "तिमी साँच्चीकै कस्ता बाठा कलाकार रहेछौ । तिमीले सिकाएको साथी चिन्ने तरिका देखेर म धेरै नै खुसी छु । तिन ओटा पुतलीहरूबाट तिनै किसिमका साथीहरू निस्के । सबै मान्छेहरू आफ्ना साथीहरू असल होऊन् र गोप्य कुराहरू गोप्य राख्न सकून् भन्ने चाहन्छन् ।

ती पुतलीहरूमध्ये सबैभन्दा पहिलो पुतली नराम्रो हो । त्यस्तो साथी पायो भने उसले तिमीले भनेको कुरा एउटा कानले सुनी अर्को कानले उडाइदिन्छ ।

दोस्रो पुतली चाहिँ मध्यम दर्जाको साथी हो किनभने उसले तिम्रो कुरा सुनेर उसले अरूलाई कुरा लगाउँछ । उसले केही कुरा पनि गोप्य राख्न सक्दैन ।



तेस्रो सबैभन्दा विश्वासिलो र असल साथी हो किनभने उसले गोप्य कुरा न सुनेर उडाउँछ, न त अरूलाई भन्छ। उसले त्यो कुरा गोप्य राख्छ।

कलाकार राजाको यस्तो जवाफ सुनेर धेरै खुसी भए किनभने आजसम्म कसैले नभनेको कुरा राजाले भनिदिए।